‘ओ’ मात्रा (अ–अः ⁄ क–म)

# तातो मम बोतामा



## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# तातो मम बोतामा


लेखक : अनन्तप्रसाद वाग्ले

चित्र : वन्दना तुलाचन

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर




© प्रकाशकमा




संस्करण : २०७४

रुम टु रिडले विकसित गरेको यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।

गोमा चोटाको कोठामा गई ।



धोती, कोट भिकी ।



खोपाको पोते बोकी ।




गोजीमा नोटको बिटो बोकी ।



कोठाको ढोका थुनी ।



बाटोमा घोडा, जोगी देखी ।



चोकमा पुगी । बोतामा तातो
मम मागी ।



छिटो छिटो खाईं।



मुख्य शब्दहरू :

| | | | | |
|---|---|---|---|---|
| चोटा | कोठा | धोती | कोट | पोते |
| खोपा | गोजी | नोट | घोडा | जोगी |
| चोक | बोता | छिटो | | |

# ो

# तातो मम बोतामा

अक्षर चिनेर सही र स्वतस्फूर्त रूपमा उच्चारण गर्न बालबालिकालाई सहयोग गर्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू अरूको सहयोगविना सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्री नेपाली वर्णमालाका वर्ण तथा मात्राहरूलाई क्रमिक रूपमा सहज ढङ्गले चिनाउन उपयोगी हुने छ र यसले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन :

१. सम्बन्धित मात्राको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेको बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरै जसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गारो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गारो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।